नेपाल सरकार

शिक्षा मन्त्रालय

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

# नतिजामा आधारित तालिम सञ्चालन सहयोगी पुस्तिका

## परिचय

नेपाल सरकार र विश्व बैंकबीचको सम्झौता अनुसार स्थापित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाले सरकारी, सामुदायिक तथा निजी तालिम प्रदायक संस्थामार्फत् छोटो अवधिको तालिम प्रदान गर्ने कार्यक्रम राखेको छ । नतिजामा आधारित लगानीमार्फत् परियोजना अवधिभर (४ वर्षभित्र) ३५,००० जना युवायुवतीलाई छोटो अवधिको तालिम प्रदान गरिने छ । यस कार्यक्रमले खासगरी सुविधाविहीन समूहका दलित, लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति, पछाडि परेको क्षेत्र र गरिबहरूका लागि रोजगारी पाउन सहयोग पुऱ्याउने छोटो अवधिको तालिममा जोड दिने छ । यस कार्यक्रमबाट लक्षित समूहका १६ देखि ४५ वर्ष समूहका महिला र १६ देखि ४० वर्ष समूहका पुरुष प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् । यस तालिम कार्यक्रमका लागि तालिम प्रदायक संस्थाले परियोजनाले तोकेको सेवा तथा सर्तको अधिनमा रही सहभागीका लागि सूचना प्रकाशित गर्ने, छनोट गर्ने, तालिममा समावेस गराउने, परामर्श सेवा प्रदान गर्ने, सीप परीक्षणको व्यवस्था मिलाउने, पहिलो तीन महिना र थप तीन महिना गरी कम्तीमा छ महिनाको रोजगारीको सुनिश्चितता कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । यस कार्यक्रममार्फत् परियोजनाले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारको मागमा आधारित सीपयुक्त, उत्पादनशील र रोजगारमूलक जनशक्ति उत्पादन गरी व्यावसायिक तालिम क्षेत्रको पहुँच र क्षमता अभिवृद्धिमा मद्दत पुऱ्याउने छ ।

## आवश्यकता र औचित्य

नेपालमा अझै पनि २५.२% जनताहरू गरिबीको रेखामुनि रहेका छन् (Human Development Report, 2009) । ठूलो संख्यामा रहेको यो समूहले रोजगारी पाउन नसकेको र सीपको अभावमा स्वरोजगारका अवसरबाट पनि बञ्चित रहनु परेको स्थिति छ । देशभित्र वा विदेशमा कथंकदाचित रोजगारी पाइहाले पनि सीप नभएका कारण श्रमिकहरूको उत्पादकत्व न्यून रहने र सम्पादित कामको गुणस्तर पनि अपेक्षित हुन नसक्दा कम पारिश्रमिकमा चित्त बुझाउन पर्ने स्थिति रहेको छ । रोजगारीको सुविधाबाट वञ्चित हुनुपरेको अवस्था दुर्गम क्षेत्र र पिछडिएका दलित, आदिवासी, जनजाति, अपांग, महिलाहरूमा बढी रहेको छ । जवसम्म गरिब र पिछडिएका जाति एवम् क्षेत्र तथा महिलाहरूको आयआर्जनको अवस्थामा सुधार गर्न सकिदैन तवसम्म गरिबीको दर घटाउन सकिदैंन । यसै अवस्थालाई मनन गरी विश्वबैकको आर्थिक सहयोगमा नेपाल सरकार, शिक्षा मन्त्रालयले व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको कार्यक्रम अघि सारेको हो । प्रस्तुत परियोजनाका कार्यक्रमले उपर्युक्त विषयलाई सम्बोधन गरी गुणस्तरीय तालिमको पहुँच अभिवृद्धि गर्नमा मद्दत पुऱ्याउने अपेक्षा राखिएको छ ।

## उद्देश्य

यस तालिम कार्यक्रमको उद्देश्य सीपयुक्त र रोजगारी पाउनसक्ने जनशक्तिको आपूर्ति बढाउनका लागि गुणस्तरीय तालिमको पहुँच बढाउनु रहेको छ ।

### तालिम प्राप्तिपछिको अवसर

यस तालिमबाट सहभागीहरूमा व्यावसायिक सीप अभिवृद्धि हुने हुँदा निम्नानुसारका अवसरहरू प्राप्त हुन सक्नेछ:

- स्वरोजगार सिर्जना गर्ने सोचाइ अभिवृध्दि हुने र स्वरोजगार सिर्जना हुनसक्ने
- स्थानीय श्रम बजारमा  रोजगारी पाउन सकिने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारी पाउन सकिने,
- उत्पादकत्व र कार्य कुशलता बढ्ने र फलस्वरुप पारिश्रमिकमा बृद्धि हुने,
- सीपयुक्त श्रमशक्तिबाट आर्थिक विकासमा टेवा पुग्ने ।

### तालिमका विषयहरू

तालिम प्रदान गर्ने संस्थाहरूले विषय/ट्रेड/अकुपेसन छनोट गर्दा सीप परीक्षण समितिको स्कील स्टान्डर्ड अनुसार वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तोकेको पाठ्यक्रम वा अन्य आधिकारिक निकायले बनाएको वा आफ्नै संस्थाले बनाएको स्वीकृत पाठयक्रमअनुसार गर्नुपर्ने छ । तालिम पश्चात् प्रशिक्षार्थीहरूलाई सीप परीक्षणमा समावेस गर्नुपर्ने प्रावधान अनिवार्य रुपमा राखिएको छ ।

### तालिमको अवधि र तालिम कक्षामा सहभागीको संख्या

छोटो अवधिको तालिम भन्नाले तालिम कोर्श सामान्यतया तीन महिना (३९० घण्टा) को हुने छ । तालिम पाठ्यक्रमको अवधि किटान गर्दा यसमा तालिम सञ्चालन गर्दा लाग्ने समय र यसको प्रयोगात्मक पक्ष  वा काम गरेर सिक्ने (OJT) पक्षलाई समेत समावेश गरिने छ । सहभागीको संख्या थोरै भएमा तालिम धेरै खर्चिलो हुने र बढी भएमा तालिमको गुणस्तर कायम हुन नसक्ने हुँदा तालिम कक्षामा सहभागीको संख्या कम्तीमा १५ र बढीमा २५ सम्म हुन सक्ने प्रावधान राखिएको छ ।

### तालिम प्रदान गर्ने संस्थाहरू

छोटो अवधिको तालिम सञ्चालन व्यावसायिक तालिमका क्षेत्रमा ज्ञान तथा अनुभव भएका संस्थाहरूबाट गराइने छ । यी संस्थाहरू भनेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को विधानले संगठित गरेका संस्थाहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग संम्वन्धन प्राप्त गरेका संस्थाहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट स्वीकृति लिई स्थापित निजी तथा सामुदायिक संस्थाहरू, व्यावसायिक विषयमा छोटो अवधिको तालिम सञ्चालन गर्ने उद्देश्य भएका अन्य आधिकारिक निकायमा दर्ता भएका सरकारी, निजी तथा सामुदायिक संस्थाहरू हुनेछन् । छोटो अवधिको तालिम प्रदायक संस्थामा सूचिकृत हुनका लागि  मूल्यअभिवृद्धि करमा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्ने व्यवस्था रहेको छ । तर सरकारी र सामुदायिक तालिम प्रदायक संस्थाहरुका लागि भने यो प्रावधान लागु हुनेछैन ।

### तालिम प्रदायक योग्य (Eligible)संस्था सूचीकृतका लागि छनोटका आधारहरू

- **रोजगारी**: गत दुई वर्षमा संस्थाबाट तालिम लिएका व्यक्तिहरूको रोजगारी दर ।
- **तालिम**: गत दुई वर्षमा संस्थाबाट तालिम लिएका व्यक्तिहरूको वार्षिक संख्या,
- **सीप परीक्षण**: गत दुई वर्षमा संस्थाबाट तालिम लिएका व्यक्तिहरूको सीप परीक्षणमा उत्तीर्ण प्रतिशत,
- **तालिमका नयाँ ट्रेड**: गत दुई वर्षमा संस्थाबाट तालिम प्रदान गरिएको नयाँ ट्रेडको संख्या,
- **सफ्ट स्कील तालिम**: गत दुई वर्षमा संस्थाबाट सफ्ट स्कील तालिम लिएका व्यक्तिहरूको संख्या,
- **तालिम सञ्चालन तरिका**: संस्था कै जनशक्तिबाट सञ्चालित वा बाहिरका जनशक्तिको प्रयोगबाट,
- **रोजगारी योजना**: सम्भाव्य रोजगारदातासँग साझेदारी छ वा छैन,

- **सञ्चालित ट्रेडः** संस्थाबाट तालिम सञ्चालित ट्रेड/अकुपेसनको संख्या,
- **संस्थागत क्षमताः** संस्थाको तालिम सूचना प्रणालीको गुणस्तर, तालिमका सहभागीहरूको व्यक्तिगत विवरणलाई इलेक्ट्रोनिक रुपमा राख्ने गरेको नगरेको अवस्था, अनुगमन प्रणालीको अवस्था
- **संस्थाको भौतिक अवस्थाः** प्रयोगशाला र कार्यशालाको अवस्था र तालिम सञ्चालनका लागि ठाउँको पर्याप्तता,
- **मानव स्रोतसाधनः** तालिमका विषयअनुसारका प्रशिक्षकहारुको संख्या,
- **आर्थिक अवस्थाः** संस्थाको आर्थिक सवलता (तत्काल खर्च गर्नुपर्ने स्थिति आएमा संस्थाले गर्न सक्ने वा नसक्ने)
- **संस्थाको सुसासन संरचनाः** नियमानुसारको लेखा प्रणालीको व्यवस्था र प्रत्येक वर्ष लेखापरीक्षण गराउने प्रचलन,
- **तालिमको गुणस्तर र सान्दर्भिकताः** तालिमको आवश्यकता पहिचान (TNA/RMA) गर्ने गरेको वा नगरेको,
- **तालिमको सञ्चालनको लक्षित क्षेत्रः** मानव विकास सूचकांकमा सबभन्दा पछाडिका २० जिल्लाहरू[1]मा तालिम सञ्चालन गर्ने योजना भएको वा नभएको
- **तालिमको लक्षित वर्गः** सहभागीको छनोट गर्दा अधिकांश सहभागी मानव विकास सूचकाङ्कमा पछाडि परेका २० जिल्लाहरूबाट गरेको वा नगरेको ।

## तालिम प्रदायक योग्य (Eligible)संस्था सूचीकृत गर्ने प्रक्रिया

नतिजामा आधारित छोटो अवधिको तालिम प्रदायक योग्य संस्था सूचीकृत गर्ने प्रक्रिया यस प्रकार छ ।

क) छोटो अवधिको तालिम प्रदान गर्न इच्छुक संस्थाहरूसँग इच्छापत्रका लागि दरखास्त आह्वान गर्ने,
ख) दरखास्त दिएका संस्थाहरुले पेस गरेको विवरणका आधारमा तोकिएको मापदण्डअनुसार मूल्याङ्कन गरी प्रारम्भिक सूची तयार गर्ने,
ग) प्रारम्भिक सूचीमा परेका संस्थाहरूले पेस गरेको विवरणको स्थलगत निरीक्षण गरी रुजु गर्ने,
घ) स्थलगत निरीक्षणका आधारमा रुजु भएका तालिम प्रदायक योग्य संस्थाहरूको अन्तिम सूची तयार गरी प्रकाशित गर्ने ।

## तालिम प्रदायक संस्था छनोट प्रक्रिया

नेपाल सरकार र विश्व बैंकबीचको आर्थिक सम्झौता र विश्वबैंकको खरिद निर्देशिका तथा परियोजनाको खरिद योजनाले तोकेबमोजिम तालिम प्रदायक संस्थाहरूको छनोट परियोजना सचिवालय[2]ले गर्ने छ । तालिम प्रदायक संस्था छनोट गर्दा निम्नानुसार प्रक्रिया अपनाइने छ ।

(१) सूचीकृत भएका संस्थाहरूलाई बजारको द्रुत सर्भेक्षण (Rapid Market Apprisal), तालिम सञ्चालन र भुक्तानी प्रक्रियाका विषयमा अभिमुखीकरण प्रदान गर्ने । अभिमुखीकरणको समयमा तालिमको ट्रेड/अकुपेशन समूहको प्रति एकाइ अधिकतम प्रत्यक्ष तालिम सञ्चालन लागत र तालिमको अधिकतम कोटा बारेमा तालिम प्रदायक संस्थाहरूलाई जानकारी गराउने ।

---

[1] मानव विकास सूचकाङ्कमा पछि परेका २० जिल्लाहरूः बैतडी, बाजुरा, बझाङ, अछाम, डोटी, जुम्ला, मुगु, कालिकोट, हुम्ला, डोल्पा, जाजरकोट, दैलेख, दाङ, रोल्पा, रुकुम, सल्यान, रसुवा, रौतहट, सर्लाही र महोत्तरी

[2] परियोजना सचिवालय भन्नाले शिक्षा मन्त्रालयबाट स्थापित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना सचिवालय बुझिन्छ ।

(२) तालिम प्रदायक संस्थाहरुसँग प्राविधिक प्रस्ताव माग गर्ने । प्राविधिक प्रस्ताव तयार गर्नका लागि तालिम प्रदायक संस्थाहरूले बजारको द्रुत सर्भेक्षण गर्नुपर्ने र त्यसका आधारमा तालिमको ट्रेड, अकुपेसन, तालिम सञ्चालन हुने स्थान, सहभागी सङ्ख्या, रोजगार योजना (Job Placement Plan), तालिम सञ्चालन मिति आदि उल्लेख भएको प्राविधिक प्रस्ताव (Technical proposal) पेस गर्नुपर्ने ।

(३) प्राविधिक प्रस्ताव मूल्याङ्कन गरी तालिम प्रदायक संस्थाको छनोट गर्ने । प्राविधिक प्रस्ताव मूल्याङकन गर्दा संस्थागत क्षमता (LOI Score), अनुगमन र गुणस्तर सुनिश्चितीकरणका लागि भरपर्दो आधार, बजारको द्रुत सर्भेक्षण प्रतिवेदन र प्राविधिक प्रस्तावको प्रस्तुतीकरणमा स्पष्टतालाई आधार बनाइने छ ।

(४) प्राविधिक प्रस्ताव मूल्याङ्कनबाट छनोट भएका संस्थाहरूसँग आर्थिक प्रस्ताव माग गर्ने ।

(५) परियोजनाको स्वीकृत प्रति एकाइ लागतको अधिकतम मूल्यमा नबढ्ने गरी तालिम प्रदायक संस्था छनोट गरी तालिम सञ्चालनको लागि सम्झौता गर्ने ।

योग्य (Eligible) सरकारी तालिम प्रदायक संस्थाहरूको हकमा पनि माथि उल्लेखित चरणहरु लागु हुनेछ । तर तालिम सञ्चालन कोटा, प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावका लागि भने नीजि तालिम प्रदायक संस्थाहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने छैन ।

## तालिमको लागि सहभागी छनोट

तालिमका लागि सहभागी छनोट गर्दा तालिम प्रदायक संस्थाहरुले निम्नलिखित कुराहरुलाई आधार बनाउनु पर्ने छः

क) नेपाली नागरिक

ख) साधारण लेखपढ गर्न र हिसाव गर्न सक्ने

ग) १६ देखि ४० बर्ष बीचको उमेर (महिलाको हकमा १६ देखि ४५ वर्ष)

तालिम लिन इच्छुक व्यक्तिले आफूले चाहेको ट्रेडका लागि निवेदन दिन सक्नेछन् । तालिम प्रदायक संस्थाले सहभागी छनोटका आधार विस्तृत रुपमा तयार गरी सहभागी छनोट गर्नेछन् ।

## तालिम व्यवस्थापन

तालिम सञ्चालन गर्नका लागि सम्झौता गरेका संस्थाहरूले तालिम सञ्चालन गर्नु पूर्व निम्नानुसारको व्यवस्था गर्नुपर्छ ।

- तालिमका लागि चाहिने भौतिक पूर्वाधारको व्यवस्था,
- तालिम सामग्री तथा उपकरणहरूको व्यवस्था,
- तालिम प्रशिक्षकहरूको व्यवस्था,
- तालिम प्रशिक्षार्थी छनोट तथा भर्ना व्यवस्था (आफ्नो सेवा क्षेत्रमा रहेका तोकिएका उमेर समूहका तालिम लिन चाहने युवायुवतीका लागि दरखास्त आह्वान गर्ने, छनोट गर्ने, तालिमका बारेमा तालिम दिनु पूर्व परामर्श दिने । जस्तैः तालिमको अवधि, तालिम सञ्चालन हुने दिन, उपस्थित हुनु पर्ने समय, तालिम लिंदा पालना गर्नुपर्ने नियमहरू, तालिम लिएवापत प्राप्त हुने सीप र यसबाट हुने आर्थिक लाभ आदि ।)

### तालिम सञ्चालन

तालिम सञ्चालन गर्ने कार्यका लागि संझौता गरेका संस्थाहरूले तोकिएको समय र अवधिमा स्वीकृत पाठ्यक्रम/अकुपेसनल स्कील स्टान्डर्डको प्रयोग गरी सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षमा तालिम सञ्चालन गर्नुपर्नेछ । तालिमले निर्धारण गरेका Competencies अनिवार्य रुपमा प्रशिक्षार्थीहरूले हासिल गरेको हुनुपर्ने छ । सो पेशाको Skill Standard मा तोकेको सीप बाहेक पनि बजार माग अनुसार थप सीप आवश्यक पर्ने{ भएमा

प्रशिक्षार्थीहरूलाई ती सीप पनि सिकाउनु पने{ छ । यी प्राविधिक सीपका अलावा जीवन उपयागी सीप (Life Skill Training) र व्यवसायिक शिप (Business Skill) को तालिम पनि दिनुपने{छ ।

## तालिम अनुगमन

तालिम अनुगमन पनि तालिम संचालनको अभिन्न अंग हो । तालिमको अनुगमन गर्दा तालिमको तयारी, तालिम संचालन र तालिम पश्चात रोजगारीका अवस्थाको समेत अनुगमन गर्नु पर्छ । तालिम अनुगमनका लागि अनुगमन पुस्तिकामा उल्लेख भएका फारामको प्रयोग गर्नुपर्ने छ । अनुगमन कार्य विभिन्न तहमा गरिने छ । क–कसले कुनकुन तहमा अनुगमन गर्ने, अनुगमन प्रतिवेदन कहाँ पठाउने, अनुगमनको पृष्ठपोषणको प्रयोग कसरी गर्ने भन्नेबारे अनुगमन पुस्तिकामा उल्लेख गरिएको छ ।

## सीप परीक्षण

तालिम समाप्त भएपछि सहभागीहरूले तालिममा के कति सीपहरू आर्जन गरे भनी यकिन गर्न सीप परीक्षण गर्ने प्रावधान रहेको छ । यो कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदअन्तर्गत रहेको राष्ट्रिय सीप परीक्षण समितिबाट हुन्छ । अतः तालिम प्रदायक संस्थाले राष्ट्रिय सीप परीक्षण समिति/बोर्डसँग सम्पर्क राखी सबै प्रशिक्षार्थीको सीप परीक्षण गराउने व्यवस्था मिलाउनु पर्छ ।

## रोजगारी

तालिम प्रदायक संस्थाले तालिम प्राप्त सबै प्रशिक्षार्थीहरुलाई उनीहरुले सिकेको सीपमा आधारित रोजगारीको सुनिश्चितता गर्नु पर्ने छ । रोजगारीमा लगाउँदा स्वदेशमा रोजगारी लगाउने वा स्वदेशमा स्वःरोजगारी गर्ने ( जस्तैः सम्बन्धित पेशामा व्यावसाय गर्ने) वा विदेशमा रोजगारी लगाउनु पर्ने छ । उQm रोजगारी तालिम लिएको विषयमा नियमित र दिगो प्रकृतिको हुनुपर्ने छ ।

## सहभागी परामर्श

तालिम प्रदायक संस्थाले विभिन्न समयमा (तालिम पूर्व, तालिम सञ्चालनको बेला, तालिम पश्चात् वा रोजगारीमा रहेको अवस्थामासमेत) तालिमका सहभागीहरूलाई परामर्श सेवा प्रदान गर्नु पर्छ । तालिम सञ्चालन पूर्व परामर्श दिँदा तालिममा लाग्ने समय, तालिम अवधिमा पालना गर्नुपर्ने नियमहरू, तालिमबाट सिकिने सीप, तालिम प्राप्त गरेपछिको हुने फाइदा आदि विषयमा परामर्श केन्द्रित गर्नुपर्छ । यसैगरी तालिम सञ्चालनका समयमा परामर्श दिंदा तालिम प्रति सहभागीहरूको उत्प्रेरणा जगाउने, सहभागीहरूलाई परेको समस्याहरूलाई समाधान गर्ने, सहभागीहरूको नियमित उपस्थिति गराउने कार्यमा परामर्शलाई केन्द्रित गर्नुपर्छ । तालिम समाप्त गरी रोजगारीको खोजी गर्दा वा रोजगारीमा रहँदा पनि सहभागीहरूलाई परामर्श सेवा उपलब्ध गराउनुपर्छ जसमा उनीहरूलाई रोजगारी खोजीमा सफलता प्राप्त गर्न, प्राप्त रोजगारीलाई निरन्तरता दिन र उनीहरूको कार्यक्षेत्रमा आउनसक्ने समस्यालाई समाधान गर्न मद्दत पुग्न सकोस् ।

### परामर्शमा प्रयोग हुनसक्ने पक्षहरू

- **सहभागीको व्यक्तिगत पक्षः** कामप्रतिको आस्था, उत्साह, जाँगर, स्वास्थ्य तथा घरायसी समस्याका आदिका बारेमा अवस्थाको पहिचान गरी परामर्श गर्ने ।
- **तालिमको ज्ञान तथा सीप पक्षः** तालिममा सिकाइएको विषय र रोजगारमा गर्नुपर्ने विषयमा सामन्जस्यता, सहभागीको कार्य संपादन स्तर, उत्पादकत्व, रोजगार वातावरण, अन्तरबैयक्तिक सञ्चार, संवेग व्यवस्थापन, सकारात्मक सोचाइ आदि ।

- **सेवाग्राहीको संतुष्टि पक्षः** सेवा प्राप्त गर्ने संस्था वा व्यक्तिले सेवा प्राप्त गरे वापत रकम तिर्छ । रकम तिरे वरावरको संतुष्टि रोजगारदाता निकायले पाउनु पर्छ । त्यसैले तालिम प्रदायक संस्थाले परामर्श दिंदा रोजगारदाता निकायको चाहना र आवश्यकतालाई ध्यानमा राखी दिनुपर्ने हुन्छ ।

## तालिम प्रदायक संस्थाका लागि दिइने प्रोत्साहन रकम

परियोजनाले तोकेको सेवा सर्तभित्र रही छोटो अवधिको तालिम सञ्चालन गर्न छनोट भएका संस्थाले तालिम समाप्त गरी तोकिएको अवधिसम्म रोजगारी सुनिश्चित गरेमा देहायबमोजिमको प्रोत्साहन रकम पाउन सक्नेछन् ।

संझौतापत्रमा उल्लेखित प्रतिव्यक्ति प्रत्यक्ष तालिम सञ्चालन खर्चका दरले हुनआउने लक्षित वर्गका सहभागीको संख्याअनुसारको प्रोत्साहन रकम तालिम प्रदान गर्ने संस्थालाई प्रदान गरिने छ । यो रकम नतिजाको आधारमा उपलब्ध गराइने छ ।

परियोजनाले तोकेको प्राथमिकताभित्र परेका लक्षित वर्गलाई तालिम कार्यक्रममा सरिक गराइ रोजगारी सुनिश्चित गरे वापत पाउने प्रोत्साहन रकम निम्नानुसार रहेको छ ।

| लक्षित वर्ग (Target Category) | लक्षित समूह ( Target Groups) | प्रोत्साहन रकमको प्रतिशत |
|---|---|---|
| क | १) दलित महिला पुरुष<br>२) विशेष समूहः अपाङ्ग महिला तथा पुरुष, एकल महिला<br>३) पूर्व कमैयाः (कमलर तथा कमलरी) | तालिम लागतको १०० प्रतिशत |
| ख | १) सबै जातजातिका गरिब महिलाहरू<br>२) जनजाति समूह : लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत गरी ४२ जनजाति[3])<br>३) गरिब मधेसी पुरुष<br>४) मानव विकास सूचकाङ्कका हिसावले पछाडि परेका २० जिल्लाका पुरुष | तालिम लागतको ८० प्रतिशत |
| ग | १) अन्य जाति र जिल्लाका गरिब पुरुषहरू | तालिम लागतको ६० प्रतिशत |

द्रष्टव्यः प्रोत्साहन रकम प्रति सहभागीको यथार्थ लागत खर्च (Direct Training Cost) का आधारमा निकालिने छ ।

## तालिम प्रदायक संस्थाका लागि गरिने भुक्तानी

तालिम प्रदायक संस्थालाई तालिम र रोजगारी सेवाका लागि गरिने भुक्तानी नतिजामा आधारित हुनेछ । प्रतिएकाइ प्रतिफल लागतभित्र प्रत्यक्ष तालिम सञ्चालन गर्दा लाग्ने खर्च र प्रोत्साहन वापत दिइने खर्चहरू ( रोजगारीमा लगाउँदा र अनुगमन गर्दा लाग्ने खर्च समेत) समावेश गरिन्छ । रकमको भुक्तानी दिंदा भने निम्नानुसार किस्ताबन्दीमा दिइने छ ।

---

[3] NFDIN ऐन (२००२) अनुसार लोपोन्मुख, अतिसीमान्तकृत, सीमान्तकृत ४२ जनजातिः कुसुण्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुसवाडिया, माझी, सियार, लोमीरसिन्सावा, थुदान, धानुक, चेपाङ, संन्थाल, झागड, थामी, वोटे, दनुवार, वारामु, सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गङ्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोप्केगोला, डोल्पो, फी, मुगल, लार्के, लोप्चा, दुरा, वालुङ्

१) पहिलो किस्ता

संझौतामा उल्लेख भएबमोजिमको प्रति सहभागी प्रतिफल लागत रकमको १० प्रतिशतले हुनआउने रकम तालिम सुरु भएको ३० दिनभित्र पहिलो किस्ताको रुपमा भुक्तानी दिइने छ । यो किस्ता प्राप्त गर्न तालिम प्रदायक संस्थाले तालिम सुरु भएको जानकारी परियोजना सचिवालयमा दिनुपर्ने छ र तालिम कार्यक्रममा भर्ना भएका सहभागीहरूको विवरण परियोजनाको तालिम व्यवस्थापन सूचना प्रणालीमा अभिलेखन गराउनु पर्ने छ । परियोजना सचिवालयले उक्त विवरण स्थलगत निरीक्षण गरी रुजु गर्ने छ । भुक्तानी प्रति सहभागीका आधारमा दिइने छ ।

२) दोस्रो किस्ता

संझौतामा उल्लेख भएबमोजिमको प्रति सहभागी एकाइ प्रतिफल लागत रकमको ४० प्रतिशतले हुनआउने रकम तालिम सकी सीप परीक्षणका लागि सरिक भएको प्रमाण पेस गरेपछि दिइने छ । भुक्तानी प्रति सहभागीका आधारमा दिइने छ ।

३) तेस्रो किस्ता

संझौतामा उल्लेख भएबमोजिमको प्रति सहभागी प्रतिफल लागत रकमको २५ प्रतिशतले हुनआउने रकम तालिमका सहभागीलाई रोजगारीमा लगाएको तीन महिना पछि सोको रुजु प्रमाण पेस गरेको आधारमा दिइने छ । यो किस्ताको भुक्तानी दिंदा परियोजना सचिवालयले पनि रोजगारीमा तीन महिनासम्म लगाए नलगाएको रुजु (Verification) गर्नका लागि निश्चित प्रतिशत सहभागीको अनुगमन गर्ने छ । तालिम प्रदायक संस्थाले सीप परीक्षणको नतिजा पनि संलग्न गनु{ पने{ छ ।

४) अन्तिम किस्ता

संझौतामा उल्लेख भएबमोजिमको प्रति सहभागी प्रतिफल लागत रकमको २५ प्रतिशतले हुनआउने रकम तालिम पछि पहिलो तीन महिनाको रोजगारी सकी थप तीन महिना समेत गरी ६ महिनासम्म रोजगारीमा लगाएको रुजु प्रमाण पेस गरेपछि दिइने छ । भुक्तानी प्रति सहभागीका आधारमा दिइने छ ।

*द्रष्टव्य:* तालिम प्रदायक संस्थाले तीन महिने तालिम सकेपछि कम्तीमा पनि ९० प्रतिशत सहभागीको सीप परीक्षण गराउने र ७० प्रतिशत सहभागीलाई रोजगारीमा लगाइ  वा स्वरोजगार भई उनीहरूको आम्दानीमा वृद्धि हुने अपेक्षा राखिएको छ । तालिम प्रदायक संस्थाले पेस गरेको विवरण परियोजनाले गर्ने १५ प्रतिशत नमुना रुजु (Sampling verification) अनुगमनको नतिजासँग अनिवार्य रुपमा रुजु हुनुपर्ने छ ।

## तालिम प्रदायक संस्थाको काम, कर्तव्य र अधिकार

- तालिमका विषयको छनोट गर्ने,
- तालिमका संभाव्य सहभागीबाट दरखास्त आह्वान गर्ने,
- तालिमका सहभागीको छनोट गर्ने,
- तालिमका सहभागीहरूलाई तालिमका लागि भर्ना गर्ने,
- तालिमका सहभागीहरूको विवरण तालिम सुरुभएको एक हप्ताभित्र परियोजनाको वेभ साइटमा अपलोड गर्ने,
- भर्ना भएका सहभागीहरूलाई गुणस्तरीय तालिम प्रदान गर्ने र तालिमको अभिलेख राख्ने,
- तालिम सञ्चालनको अवधिमा र तालिम सम्पन्न भइसकेपछि पनि सहभागीहरूलाई आवश्यक परामर्श उपलब्ध गराउने,

- प्रत्येक विषयको तालिम सकिएको १५ दिनभित्र तालिमका सहभागीहरूको विवरण तालिम व्यवस्थापन सूचना प्रणालीमा अभिलेख राख्ने,
- तालिम सकिएपछि राष्ट्रिय सीप परीक्षण वोर्डसँग समन्वय गरी सीप परीक्षणको व्यवस्था मिलाउने,
- सहभागीहरूको तालिम सकिएपछि उनीहरूलाई रोजगारीको व्यवस्था गर्ने,
- तलिम सञ्चालनका समयमा सहभागीलाई पृष्ठपोषण दिने,
- तालिम प्रदायक संस्थाले तालिम सकिएपछि रोजगारीका लागि पठाइएका सहभागीहरूको निरन्तर रुपमा अनुगमन गर्ने र सोको जानकारी परियोजना सचिवालयमा पठाउने,
- तालिममा भर्ना भएका सहभागीको टिकाउमा पनि विशेष पहल गर्ने,
- परियोजना सचिवालय वा सचिवालयले तोकेको व्यक्ति वा फर्मलाई अनुगमन कार्यमा सहयोग पुऱ्याउने,
- परियोजना सचिवालयले विभिन्न समयमा उपलब्ध गराउने तालिम सम्बन्धी निर्देशनहरुको पालना गर्ने,
- तालिम सम्बन्धी सम्पूर्ण सूचना कम्प्युटराइज्ड गरी वेभ बेस्ड तालिम सूचना प्रणाली लागू गरिने हुँदा तालिम प्रदायक संस्थाहरुले अनिवार्य रुपमा सो कार्य गर्न सक्ने दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गर्नुपर्ने ।

## परियोजना सचिवालयको काम, कर्तव्य र अधिकार

- लक्षित वर्ग तथा क्षेत्रमा रहेका लाभान्वित समूहलाई परियोजनाबाट प्रदान गरिने कार्यक्रमबारे विभिन्न सञ्चारका माध्यमबाट सूचना प्रवाह गर्ने,
- नतिजामा आधारित छोटो अवधिको तालिम प्रदान गर्न इच्छुक संस्थाहरूसँग आशय पत्र माग गरी निश्चित मापदण्डका आधारमा योग्य संस्थाहरूको सूची तयार पार्ने,
- तालिमको प्रति एकाइ लागत निर्धारणका लागि सम्बन्धित क्षेत्रका विज्ञहरु सम्मिलित समिति गठन गर्ने र उक्त समितिको सिफरिसका आधारमा ट्रेड/अकुपेसन समूहको प्रत्यक्ष तालिम सञ्चालन लागतको अधिकतम सीमा निर्धारण गर्ने,
- सूचीकृत भएका संस्थाहरूलाई द्रुत बजार सर्भेक्षण अभिमुखीकरण तालिम प्रदान गर्ने,
- अकुपेसनको समूहका आधारमा अधिकतम प्रत्यक्ष तालिम सञ्चालन खर्च लागतको जानकारी दिने,
- योग्य संस्थाहरूसँग सेवा प्रस्ताव र आर्थिक प्रस्ताव माग गरी सोको मूल्याङ्कनका आधारमा तालिम सञ्चालन गर्ने संस्थाहरू छनोट गर्ने,
- छनोट भएका संस्थाहरूसँग संझौता गर्ने,
- परियोजना सचिवालयले तालिमको अवधिमा र रोजगारी गर्दाको समयमा समेत गरी कम्तीमा तीनपटक अनुगमन गर्ने,
- संझौतामा उल्लेख भएबमोजिमको रकम कार्य सम्पन्नताको आधारमा सम्बन्धित संस्थाहरूलाई उपलब्ध गराउने ।

## वार्षिक कोटा विभाजन

| पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथोवर्ष | जम्मा |
|---|---|---|---|---|
| ७,५०० | ११,००० | १२,००० | ४,५०० | ३५,००० |

## तालिम केन्द्र रहने अञ्चल र जिल्लाहरू

कञ्चनपुर, कैलाली, डोटी, सुर्खेत, बाँके, जुम्ला, दाङ, वागलुङ, रुपन्देही, पाल्पा, कास्की, चितवन, मकवानपुर, पर्सा, सर्लाही, धनुषा, सिरहा, सुनसरी, मोरङ र झापा

### तालिम र रोजगारीमा रहेका सहभागीको स्थलगत रुजु अनुगमन

नतिजाको आधारमा तालिम प्रदायक संस्थालाई भुक्तानी गरिने भएकाले उक्त नतिजा ठीक हो वा होइन रुजु गर्ने भरपर्दो संयन्त्र आवश्यक पर्दछ । यसका लागि परियोजना सचिवालयले तालिम सञ्चालन गर्दाको र रोजगारीमा रहेको अवस्थाको रुजु अनुगमन गर्ने भरपर्दो संयन्त्रको विकास गर्ने छ । क्रियाकलापको अनुगमन र यसको प्रक्रिया अनुगमन पुस्तिकामा उल्लेख गरिएको छ । साथै तालिम प्रदायक संस्थाबाट सूचीकृतका लागि निवेदन प्राप्त गरेपछि पनि सूचीकृतको नतिजा प्रकाशन गर्नुअघि संस्थाको भौतिक अवस्थाको अनुगमन गरिने छ ।

तालिम सञ्चालन गरेका हरेक संस्थाले हरेक किस्ताको भुक्तानीको माग गर्नु अघि अनुगमन पुस्तिकामा उल्लेखित Web based फारमहरु भरी पठाउनु पर्नेछ ।